जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्न छन् भक्तवत्सल महेश्वर। म जन्मिए झुकिएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०६०/६१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १३ • अंक २० • २०८२ कार्तिक २६ गते बुधवार • 12 Nov. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

NAME
COACHING & TRAINING CENTER PVT. LTD.
Janakpurdham-4, (Shantinagar)
9854025530 / 9824885783

# लैंगिक हिंसा रोकथाममा साइबर क्राइम चुनौती

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, २५ कार्तिक



लैंगिक हिंसा रोकथामका लागि साइबर क्राइम विरुद्धको कानूनी उपचारलाई प्रभावकारी बनाउनुपर्नेमा सरोकारबालाहरुले जोड दिएका छन् । जनकपुरधामा मंगलबार आयोजित लैंगिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि समुदाय-प्रहरी साझेदारी संवाद कार्यक्रममा कानूनी पक्ष कमजोर हुँदा यस प्रकारको अपराध बढ्दै गएको उनीहरुले तर्क गरे। सुरक्षा र न्याय कार्यक्रम अन्तर्गत पिपुल इन नीड र डीडीआरसीको सहयोगमा सामुदायिक परिवार कल्याण संघ (सीएफडब्लुए)ले आयोजना गरेको संवाद कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिकाका नगर उपप्रमुख किशोरी साहले सामाजिक संजालको दुरुपयोग बढ्दै गएकोप्रति चिन्ता व्यक्त गर्दै यसको रोकथाम गर्ने नियमक निकायलाई कठोर भएर प्रस्तुत हुनका लागि आग्रह गरे। सामाजिक संजालमा लैंगिक हिंसा बढेको दिनैपिच्छे सुनिन्छ, हेरिन्छ पनि। तर, यस्ता अपराध गर्ने व्यक्तीमाथि कारबाही भएको देखिदैन् । यसले सामाजिक संजालमार्फत चरित्र हत्या गर्ने, तस्वीर सार्वजनिक गरेर भ्रम सिर्जना गर्नेको मनोबल बढेको छ, उनले भने-खासगरेर महिला विरुद्ध सामाजिक संजालमा ट्रोल गरिने तस्वीर, भिडियोहरुले समाजलाई नै प्रभावित गरिरहेको छ । यस्ता गतिविधि नियन्त्रण गर्ने कार्यमा सक्रियता देखाउन सुरक्षानिकायमा आग्रह गरे। सो अवसरमा मधेश प्रदेश कार्यालयका प्रहरी निरीक्षक रामचन्द्र साहले मधेशमा साइबर क्राइमको अवस्थाबारे एक प्रस्तुतिकरण गर्दै यसतर्फ सुरक्षानिकाय गंभीर रहेको बताए। प्रविधि रुपमा सुरक्षानिकाय अझैपनि दुरुस्त हुन नसक्दा साइबर क्राइम जस्ता अपराध नियन्त्रणमा समस्या आइरहेको उनले स्वीकार गरे । यद्यपी, विगतको भन्दा हालका दिनमा यस्ता कार्यमा संलग्न व्यक्तीहरुको पहिचान गरेर कारबाहीको दायरामा ल्याइएको उनले बताए।

नेपालमा विद्युतीय कारोबार ऐन, २०६३ अन्तर्गत साइबर अपराधको लागि ५ वर्षसम्म कैद वा १ लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजायको व्यवस्था छ। लागूऔषधमा लागेका युवाहरुले जनकपुरको सहायक बाटोमा विद्यालय, कलेज जाने छात्राहरुलाई र्दुव्यवहार गर्दै आएकोप्रति महिला अगुवा मुन्नी दासले सुरक्षानिकायको ध्यानाकर्षण गराइन् । पहाडी जिल्लाका युवती, महिलाहरुलाई संलग्न गराएर जनकपुरधाममा देहव्यापार भइरहेको बताउँदै यसतर्फ तत्काल कारबाही अगाडि बढाउन उनले सुरक्षानिकायमा आग्रह गरिन् । नेपालमा सबैभन्दा बढी सामाजिक सञ्जालबाट साइबर अपराध हुने गरेको छ । फेसबुक, भाइबर, स्काईप, ह्वाट्एसप, इन्स्टाग्राम, इमो, टिकटक जस्ता सामाजिक सञ्जालमा अश्लिल हर्कत गरेको श्रव्यदृष्यहरु सार्वजनिक गर्दा सामाजिक विकृति बढ्दै गएकोले यस्ता हर्कत गर्नेमाथि कारबाही गर्नुपर्ने तर्क दासको थियो। कार्यक्रममा पिपुल प्रमोट सेन्टरका अध्यक्ष कमलेश कुमार मण्डलले साइबर क्राइम विरुद्ध प्रभावकारी अभियानको आवश्यक्ता औंल्याए। नक्कली फेसबुक एकाउन्ट बनाएर गाली गलौज, धम्की, चरित्र हत्या गर्ने गतिविधि भइरहेका छन्। यस्ता क्रियाकलाप गर्ने विरुद्ध कारबाही गर्नुपर्नेमा उनले जोड दिए। यस्तै, निलहिरा समाजका प्रदिप कुमार यादवले आफूहरुको समस्या समाधान गर्न कुनै निकायले तदारुकता नदेखाएको गुनासो पोखे। कार्यक्रममा वडा नम्बर ४ का वडाध्यक्ष सुरेश झा, वडा नं. १४ का वडाध्यक्ष पुण्यप्रताप यादव, राष्ट्रिय अपांग महासंघका किरणकुमार पासवान, राष्ट्रिय बाल अधिकार परिषदका संजिव महतो, जनकपुरधाम उपमहानगरपालिकाका सुनिता यादव, डीडीआरसीका परियोजना संयोजक लक्ष्मेश्वर यादव सीएफडब्लुएका लक्ष्मेश्वर मण्डल, एनसीइ नेपालका रामभगत यादव लगायतको उपस्थिति रहेको थियो।

# नवनियुक्त मुख्यमन्त्री विरुद्ध सडकदेखि सर्वोच्चसम्म सात दल

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, २५ कार्तिक



बर्दिबासस्थित एक होटलमा शपथ ग्रहण गरेर मुख्यमन्त्री बनेका नेकपा एमाले संसदीय दलका नेता सरोजकुमार यादवविरुद्ध सात दलका प्रदेश सांसदहरु मंगलबार सडकमा धर्ना बसेका छन्।

मधेश भवनको मुलगेट अगाडी नेपाली कांग्रेस, जनता समाजवादी पार्टी (जसपा) नेपाल, जनमत पार्टी, नेकपा माओवादी, एकीकृत समाजवादी र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का प्रदेशसभा सदस्यहरु सडकमा धर्ना बसेर नवनियुक्त मुख्यमन्त्री यादवको विरोध गरेका हुन् । प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारी उपचारको क्रममा काठमाण्डौ जाँदै गर्दा बर्दिबासस्थित एक होटलमा एकाबिहानै यादवलाई पद तथा गोपनीयताको सपथ गराइन्। सपथ गराएर प्रदेश प्रमुख भण्डारी काठमाण्डौ लागेका थिए। मुख्यमन्त्री यादवले आफू कानून संवत नियुक्त भएको दावी गर्दै आएपनि उनको नियुक्ती प्रक्रियालाई लिएर सामाजिक संजालमा आलोचना भइरहेको छ। प्रदेश प्रमुखको भूमिकामै प्रश्न उठेपछि सुशिला कार्की नेतृत्वको संघीय सरकारले भण्डारीलाई फिर्ता बोलाउने निर्णय गरेको थियो। भण्डारी मंगलबार पदमुक्त भइसकेकी छन्। यसअघि सोमबार पनि सात दलका कार्यकर्ताहरुले सडकमा टायर बालेर प्रदेश गरेका थिए। प्रदेश प्रमुखलाई दबाब दिएर मुख्यमन्त्रीमा नियुक्ती र सपथ ग्रहण गर्न लगाएको आरोप सात दलका नेताहरुको छ। सात दलका ७४ जना सांसदको हस्ताक्षरसहित नेताहरु मंगलबार सर्वोच्चमा मुद्दा दर्ता गराएका छन्।

# सर्वोच्च अदालतले दिने निर्णय आफूलाई मान्य हुने: मुख्यमन्त्री यादव

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, २५ कार्तिक




मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले संविधानले तोकेको बाध्यात्मक व्यवस्थाअनुसार वर्तमान सरकार गठन भएको भन्दै सरकार गठनको विषयमा सर्वोच्च अदालतले दिने निर्णय आफूलाई मान्य हुने बताउनुभएको छ।

उहाँले अफनो मुख्यमन्त्री पदको नियुक्तिको विषयमा सर्वोच्च अदालतले पक्षमा निर्णय नगरेको अवस्थामा आफूले निर्णय आएकै दिन सहजरूपमा सत्ता हस्तान्तरण गर्ने बताउनुभयो । उहाँले भन्नुभयो, “अदालतको निर्णय पक्षमा नआएको खण्डमा सत्तामा बस्दिन । निर्णय आएकै दिन सहजरूपमा सत्ता हस्तान्तरण गर्छु । मुख्यमन्त्रीमा नियुक्ति भएपछि पहिलो पल्ट जनकपुरधाममा पत्रकार सम्मेलनको आयोजना गरी उहाँले यस्तो बताउनुभयो। उहाँले आफू सङ्घीय लोकतान्त्रिक गणतन्त्र र प्रदेशसभाप्रति पूर्ण निष्ठा पूर्वक रही काम गर्न प्रतिबद्ध रहेको भन्दै संवैधानिक निरन्तरता, शान्ति, स्थायित्व र सुशासन सुनिश्चित गर्न अहिलेको सरकार प्रतिबद्ध रहेको बताउनुभयो । उहाँले भन्नुभयो, “वर्तमान सरकार कुनै प्रतिस्पर्धातमक आदेशका लागि हैन, संविधानले तोकेको बाध्यात्मक व्यवस्थाअनुसार गठन गरिएकोले यसलाई अन्यथा नबुझिदिन अनुरोध गर्दछु।’ उहाँले मधेश प्रदेशमा नेकपा (एमाले) लाई मधेशी जनताले ठुलो दल बनाएको कुरा अन्य दललाई नपचेको कारण एमालेलाई अपराधिको नजरले हेर्ने गरेको भन्दै मधेश जनताले पचाएकै कारण एमाले ठुलो दल हुन पुगेको कुरा बुझ्न आग्रह गर्नुभयो।

GYAN GANGA INT'L PUBLIC SCHOOL
Janakpurdham-12,Airport Road,Dhanusha
Contact : 9844027971,9824877627



Our Features
* Highly Experienced Teachers' Team.
* Result Oriented Learning Pattern.
* Day Boarders & Healthy Hostel Facility.
* Special Class for Weak Students.
* Robotic & Computer Class Facilities from Grade-1.
* Cricket,Classical Dance,Singing, and others Friday Contest Facilities.
* Monitoring by CC Tv. * Transport Facility.

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme



33 Years of Academic Excellence

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
सबै क्षेत्रको प्रतिबद्धताको सुरु
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय...................

### मधेस प्रदेशमा अदालतको निर्णय निर्णायक हुने

वर्तमान समयमा मधेस प्रदेशमा चुलिएको मुख्यमन्त्री नियुक्ति सम्बन्धी बिबादको समाधानको रुपमा सर्वोच्च अदालतको निर्णय नै निर्णायक हुने देखिन्छ । मधेश प्रदेश सरकार गठन असंवैधानिक भएको भन्दै एमाले बाहेकका ७४ सांसदले रिट निवेदन दर्ता गराएका थिए ।

मंगलबार सर्वोच्च अदालतले मधेश प्रदेशको मुख्यमन्त्री नियुक्ति प्रकिया प्रारम्भिक रुपमा असंवैधानिक भएको ठहर गर्दै हाललाई यथास्थितिमा राख्न अन्तरिम आदेश जारी गरेको छ ।

एमालेका संसदीय दलका नेता सरोजकुमार यादवलाई मुख्यमन्त्री बनाउने निर्णय असंवैधानिक भएको भन्दै प्रश्न उठेको र व्याख्या गर्नुपर्ने प्रश्न उठेको भन्दै रिटको अन्तिम टुंगो नालगेसम्म मधेश प्रदेशलाई दीर्घकालीन असर पर्ने कुनै पनि निर्णय गर्न सर्वोच्चले रोक लगाएको छ । न्यायाधीश टेकप्रसाद ढुंगानाको इजलासले पहिलो सुनुवाइ गर्दै होटलमा नियुक्त भएका मुख्यमन्त्री यादवलाई काम गर्न रोक लगाएको हो । उक्त रिटको पेसी बुधबार रहेको छ । होटलमा मुख्यमन्त्रीलाई शपथ खुवाउनले प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारी भने पदमुक्त भइसकेकी छन् । नयाँ प्रदेश प्रमुखमा अर्थशास्त्री प्रा.डा.शुरेन्द्र लाभ कर्ण शपथ लिइसकेका छन् । यता बिबादित मुख्यमन्त्री सरोजकुमार यादवले समेत पत्रकार सम्मेलन मार्फत आफू अदालतले गरेको निर्णय मान्ने बताए पछि अन्तिम निकास मधेस प्रदेशले उच्च अदालतबाट नै पाउने देखिन्छ ।

# सर्वोच्च अदालतद्वारा मधेश प्रदेशको मुख्यमन्त्री नियुक्ति प्रकिया प्रारम्भिक रुपमा असंवैधानिक भएको ठहर

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, २५ कार्तिक



सर्वोच्च अदालतले मधेश प्रदेशको मुख्यमन्त्री नियुक्ति प्रकिया प्रारम्भिक रुपमा असंवैधानिक भएको ठहर गर्दै हाललाई यथास्थितिमा राख्न अन्तरिम आदेश जारी गरेको छ ।

एमालेका संसदीय दलका नेता सरोजकुमार यादवलाई मुख्यमन्त्री बनाउने निर्णय असंवैधानिक भएको भन्दै प्रश्न उठेको र व्याख्या गर्नुपर्ने प्रश्न उठेको भन्दै रिटको अन्तिम टुंगो नालगेसम्म मधेश प्रदेशलाई दीर्घकालीन असर पर्ने कुनै पनि निर्णय गर्न सर्वोच्चले रोक लगाएको छ । न्यायाधीश टेकप्रसाद ढुंगानाको इजलासले पहिलो सुनुवाइ गर्दै होटलमा नियुक्त भएका मुख्यमन्त्री यादवलाई काम गर्न रोक लगाएको हो । त्यस्तै आजै मधेश प्रदेश सरकार गठन असंवैधानिक भएको भन्दै एमाले बाहेकका ७४ सांसदले रिट निवेदन दर्ता गराएका थिए ।

उक्त रिटको पेसी भोलि रहेको छ । मधेश सरकार संविधानको धारा १६८ को उपधारा ३ बमोजिम गठन भएको थियो । गत आइतबार दलहरूलाई छलेर संविधानको धारा १६८ को ३ बमोजिम प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले ठूलो दलको हैसियतले नेकपा एमाले संसदीय दलका नेता सरोजकुमार यादवलाई मुख्यमन्त्री नियुक्त गरेकी थिइन् । सोमबार बिहान बिरामी भएको बहानामा काठमाडौं जान लागेको भन्दै महोत्तरीको बर्दिबासको पानस होटेलमा नवनियुक्त मुख्यमन्त्रीलाई शपथ ग्रहण गराएकी थिइन् । होटलमा मुख्यमन्त्रीलाई शपथ खुवाउनले प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारी भने पदमुक्त भइसकेकी छन् ।

मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले मंगलबार भण्डारीलाई पदमुक्त गरेका थिए । नयाँ प्रदेश प्रमुखमा सुरेन्द्र लाभ कर्णले शपथ लिइसकेका छन् ।

# मन्त्री बनेकी साहलाई राप्रपाद्वारा स्पष्टीकरण



जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, २५ कार्तिक

मधेश प्रदेशमा विवादित रूपले गठित सरकारमा मन्त्री बनेकी कञ्चन विच्छा साहलाई राप्रपाले स्पष्टीकरण सोधेको छ । पार्टी र नेतृत्वसँग कुनै छलफल परामर्श बिना मन्त्रीमण्डलमा समावेश भएको विषयमा स्पष्टीकरण माग गरिएको हो । एमालेका सरोज यादवको सरकारमा विच्छा बिना विभागीय मन्त्री बनेकी छिन्। पार्टी अध्यक्ष राजेन्द्र लिङ्देनलाई समेत जानकारी नदिईकन उनले मन्त्रीको शपथ खाएकी हुन् । लिङ्देनले हिजै सामाजिक सञ्जालमा स्टटास लेखेर विच्छालाई फिर्ता हुन भनेका थिए ।

स्रोतका अनुसार विच्छाले फिर्ता हुन नमानेपछि केन्द्रीय अनुशासन समितिमार्फत कारबाही प्रक्रिया सुरु गरिएको हो। समितिका सदस्य सचिव भक्तिप्रसाद सिटौलाले उनलाई पठाएको स्पष्टीकरण पत्रमा पार्टीको नीति, सिद्धान्त र हित विपरीत हुने गरी गैहजिम्मेवारपूर्ण एवं अनुशासनहीन कार्य गरेको उल्लेख छ । 'सो सम्बन्धमा तपाईंलाई राप्रपाको विधानबमोजिम किन कारबाही र सजाय गर्न नपर्ने हो ? नपर्ने भए २४ घण्टाभित्र लिखित स्पष्टीकरण सहित पेश गर्न हुन केन्द्रीय अनुशासन समितिको निर्णय अनुसार अनुरोध गर्छु ।' पत्रमा भनिएको छ ।




अनुरोधकर्ता
रामगोपालपुर नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

## तपाईको टुडे

मेष: अशुभ समाचार प्राप्त हुने
वृष: लामो यात्राको योग छ
मिथून: अनावश्यक चिन्ता
कर्कट: पिछडेको साथी मिल्ने
सिंह: अनावश्यक खर्चको संभावना
कन्या: शुभ कार्यको शुरुवात
तुला: विचार गरेर बोल्नुहोला
वृश्चिक: पढाईमा ध्यान दिनुपर्ने
धनु: खानपानमा समस्या आउने
मकर: मनमा पछुतो आउने
कूम्भ: मित्रतामा फाटो आउने
मीन: आम्दानी हुने

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# शेख हसिना विरुद्धको मुद्धाको फैसला नोभेम्बर १३ मा आउने

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २५ कार्तिक**

बङ्गलादेशकी अपदस्थ पूर्वप्रधानमन्त्री शेख हसिनाविरुद्ध दायर मानवताविरुद्धको अपराध सम्बन्धी मुद्दाको फैसला यसै नोभेम्बर महिनाको अन्त्यतिर हुने अपेक्षा गरिएको छ। बङ्गलादेशका सरकारी अभियोजनकर्ताले मङ्गलबार यसबारे जानकारी दिएका हुन्।

गत महिना मुद्दा सुनुवाइ सकिएपछि फैसलाको मितिबारे केही भ्रम उत्पन्न भएको थियो। अदालतले नोभेम्बर १३ का लागि नयाँ सुनुवाइको मिति तोकेको छ, जसमा फैसला सुनाउने मिति घोषणा गरिने अपेक्षा



गरिएको छ। बङ्गलादेशको अन्तर्राष्ट्रिय अपराध न्यायाधिकरणका अभियोजक गाजी मनोवर हुसेन तमीमले भने, "बिहीबारको सुनुवाइको उद्देश्य केवल फैसलाको मिति घोषणा गर्नु हो। हाम्रो अघिल्ला अनुभवका आधारमा अदालतले अन्तिम फैसला सुनाउन थप एक हप्ता समय लिन सक्छ। नोभेम्बर १३ मा अदालतले फैसला सुनाउने मिति तोक्ने तयारी गरेको छ।" सन् २०२४ अगस्टमा भएको घातक विद्रोहपछि शेख हसिनाको सरकार अपदस्थ भएको थियो। लामो समयदेखि सत्तामा रहेकी हसिनाको पतनसँगै बङ्गलादेश राजनीतिक अस्थिरतामा डुबेको छ।

आगामी सन् २०२६ फेब्रुअरीमा हुन लागेको आमनिर्वाचनको पूर्वसन्ध्यामा हिंसात्मक घटना तीव्र बन्दै गएका छन्। ७८ वर्षीया हसिनामाथि विद्यार्थी नेतृत्वमा भएको आन्दोलनलाई दबाउने क्रममा घातक दमनको आदेश दिएको आरोप लगाइएको छ। भारतमा निर्वासनमा रहेकी उनी अदालतको उपस्थितिको आदेश उल्लङ्घन गर्दै अनुपस्थित रहेको थियो।

# मंगलबारका लागि तोकियो विदेशी मुद्राको विनिमयदर

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २५ कार्तिक**

नेपाल राष्ट्र बैंकले मंगलबारका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ। राष्ट्र बैंकका अनुसार अमेरिकी डलर एकको खरिददर १४१ रुपैयाँ ६२ पैसा र बिक्रीदर १४२ रुपैयाँ २२ पैसा निर्धारण गरिएको छ।

यस्तै, युरोपियन युरो एकको खरिददर १६३ रुपैयाँ ६९ पैसा र बिक्रीदर १६४ रुपैयाँ ३८ पैसा, युके पाउण्ड स्ट्रलिङ एकको खरिददर १८६ रुपैयाँ ४२ पैसा र बिक्रीदर १८७ रुपैयाँ २१ पैसा, स्वीस फ्रयाङ्क एकको खरिददर १७५ रुपैयाँ ६९ पैसा र बिक्रीदर १७६ रुपैयाँ ४३ पैसा कायम गरिएको छ। अष्ट्रेलियन डलर एकको खरिददर ९२ रुपैयाँ ४८ पैसा र बिक्रीदर ९२ रुपैयाँ ८७ पैसा, क्यानेडियन डलर एकको खरिददर १०१ रुपैयाँ ०३ पैसा र बिक्रीदर १०१ रुपैयाँ ४६ पैसा, सिङ्गापुर डलर




एकको खरिददर १०८ रुपैयाँ ६७ पैसा र बिक्रीदर १०९ रुपैयाँ १३ पैसा तोकिएको छ।

जापानी येन १० को खरिददर नौ रुपैयाँ १९ पैसा र बिक्रीदर नौ रुपैयाँ २२ पैसा, चिनियाँ युआन एकको खरिददर १९ रुपैयाँ ८९ पैसा र बिक्रीदर १९ रुपैयाँ ९७ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३७ रुपैयाँ ७६ पैसा र बिक्रीदर ३७ रुपैयाँ ९२ पैसा, कतारी रियाल एकको खरिददर ३८ रुपैयाँ ८५ पैसा र बिक्रीदर ३९ रुपैयाँ ०२ पैसा कायम भएको छ। केन्द्रीय बैंकका अनुसार थाई भाट एकको खरिददर चार रुपैयाँ ३८ पैसा र बिक्रीदर चार रुपैयाँ ३९ पैसा, युएई दिराम एकको खरिददर ३८ रुपैयाँ ५६ पैसा र बिक्रीदर ३८ रुपैयाँ ७२ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३४ रुपैयाँ ०४ पैसा र बिक्रीदर ३४ रुपैयाँ १९ पैसा, साउथ कोरियन वन १०० को खरिददर नौ रुपैयाँ ७३ पैसा र बिक्रीदर नौ रुपैयाँ ७७ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १४ रुपैयाँ ८९ पैसा र बिक्रीदर १४ रुपैयाँ ९५ पैसा र डेनिस क्रोनर एकको खरिददर २१ रुपैयाँ ९२ पैसा र बिक्रीदर २२ रुपैयाँ ०१ पैसा तोकिएको छ।

# 'पीआर' जापानमा पनि प्रदर्शन हुने

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २५ कार्तिक**

मङ्सिर २६ गतेबाट नेपालमा प्रदर्शन हुन लागेको फिल्म 'पीआर' जापान पनि प्रदर्शन हुने भएको छ। फिल्मलाई जापानमा युना डिजिटलले प्रदर्शन गर्न लागेको हो।

निर्देशक शोभित बस्नेतले फिल्मको जापान अधिकार बिक्री भएको जानकारी दिए। 'जापानका लागि यो फिल्म राम्रो रकममा बिक्री गरिसकेका छौं। अन्य देशका फिल्म वितरकहरूसँग पनि छलफल भइरहेको छ र केही दिनमै थप जानकारी दिनेछौं' उनले भने। निर्देशक बस्नेतका अनुसार, 'पीआर' प्रेम, संघर्ष र आप्रवासनसँग जोडिएको भावनात्मक कथामा आधारित फिल्म




हो। फिल्ममा विदेशमा रहेका छोराछोरीको जीवन र नेपालमा रहेका अभिभावकले उनीहरूप्रति गरेको अपेक्षालाई कथाको केन्द्र बनाइएको छ। फिल्ममा नीर शाह, गौरी मल्ल, आर.ए. सुरज पौडेल, विनीता कार्की, राजन कुँवर, पूजा चौधरी, आश्मा अधिकारी, मस्तानी, बिमला खत्री, गणेश बुढाथोकी, म्याक्स बाबू, कृष्ण थापा, र नवीन घायल लगायतका कलाकारको अभिनय रहेको छ। विशेष भूमिकामा रवीन्द्र खड्का, उत्तम के.सी. र दिक्पाल कार्कीको अभिनय छ। फिल्मका प्रस्तुतकर्ता रञ्जित साह र सन्तोष तिवारी हुन् भने निर्माता लक्ष्मण सापकोटा र प्रदीप दाहाल हुन्। गणेश बुढाथोकीले लेखन तथा बन्दे प्रसादले सम्पादन गरेका फिल्ममा सौरभ सायमी र सौरभ लामाको छायाङ्कन छ।

# एनपीएलको उपाधि रक्षा गर्ने जनकपुरको लक्ष्य

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २५ कार्तिक**

नेपाल प्रिमियर लिग (एनपीएल) को पहिलो सिजनको च्याम्पियन टिम हो जनकपुर बोल्ट्स। पुबुदु दासानायकेको प्रशिक्षणमा रहेको जनकपुरले पहिलो सिजन सुदुरपश्चिम रोयल्सलाई फाइनलमा हराउँदै च्याम्पियन बनेको थियो। दोस्रो सिजन जनकपुरको एक मात्र लक्ष्य उक्त उपाधि रक्षा गर्ने नै छ।

जनकपुर बोल्ट्सले दोस्रो सिजनका लागि मुख्य प्रशिक्षकदेखि लोगोसम्म परिवर्तन गरेको छ। तर उसको लक्ष्य उही छ फेरि पनि एनपीएल ट्रफी जित्ने। त्यसैका लागि जनकपुरले तयारी तीव्र पारेको छ। जनकपुरले दोस्रो संस्करणका लागि मुख्य प्रशिक्षकमा वेष्ट इन्डिजका शिवनारायण चन्द्रपललाई अनुबन्ध गरेको छ। यस्तै पहिलो सिजन




च्याम्पियन बनेको टिमबाट कोर ग्रुपलाई निरन्तरता दिएको छ।मार्की आसिफ शेख, कप्तान अनिल कुमार शाहसहित ७ खेलाडीलाई रिटेन गरेको जनकपुरले पहिलो सिजनका विदेशी खेलाडी लाहिरु मिलान्थालाई पनि निरन्तरता दिएको छ। यस्तै पहिलो सिजन टिममा रहेका मयन यादवलाई पनि जनकपुरले अक्सनबाट फेरि अनुबन्ध गरेको थियो। जनकपुरको टिममा पहिलो सिजन खेलेको टिमबाट ९ खेलाडी दोस्रो सिजन पनि टिममै छन्। जनकपुरले आसिफ शेख, कप्तान अनिल कुमार शाहसहित ललित राजवंशी, किशोर महतो, रुपेश सिंह, शुभ कंसाकार र तुल बहादुर थापालाई रिटेन गरेको थियो। पहिलो सिजनको जनकपुर च्याम्पियन बन्दा उत्कृष्ट प्रदरशन गरेका न्युजिल्याण्डका अलराउण्ड जिम्मी निशम भने यस पटक टिममा हुने छैनन्। पहिलो सिजन टिममा रहेका शेर मल्ल, हेमन्त धामी, अरनिको यादव, आकाश त्रिपाठीलाई रिलिज गरेको जनकपुरले दोस्रो सिजनका लागि अक्सनबाट मयन यादवसहित सचिन भट्ट, विकाश आग्री र आदित्य महतालाई भित्र्याएको छ।




अनुरोधकर्ता
बलवा नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश




अनुरोधकर्ता
महोत्तरी गाउँपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

# प्रदेश किन उपेक्षित ?

-आजको आवश्यकता प्रदेश सरकारहरूले संघीयता अभ्यासका क्रममा देखिएका कमजोरी सुधार्नु अनि प्रशासनिक-आर्थिक रूपमा छरितो, मितव्ययी र परिणाममुखी प्रदेश संरचना निर्माण गर्नु हो। संघीयता आन्दोलनको बलमा स्थापित भए पनि प्रदेश संरचनाप्रति असन्तोष बढ्दै गएको छ। संघीय सरकार, प्रदेश सरकार, न्यायपालिका र मिडियाको कमजोरी तथा भ्रामक प्रचारले प्रदेशको उपेक्षा र जनविश्वासमा गिरावट ल्याएको छ।

प्रदेश सरकारहरूले सुधार र परिणाममुखी अभ्यासमार्फत मात्रै जनताको अपेक्षा पूरा गर्न सक्ने निष्कर्ष निकालिएको छ। भदौ २३ र २४ को जेन-जी विद्रोहपछि मुलुकले अपनाएको संघीय शासन प्रणालीको औचित्यमाथि पुनः प्रश्न उठ्न थालेको छ। विशेषतः प्रदेश संरचना खारेज गरी स्थानीय तहलाई अझै अधिकारसम्पन्न बनाउनुपर्ने आवाज बढ्दै गएको छ। अर्कातर्फ, संघीय शासनको विकल्प खोज्ने कार्य हतारो हो कि भन्ने शंकासहितको जनमत पनि समानान्तर रूपमा अभिव्यक्त भइरहेको छ। आन्दोलनपछि सतहमा आएका विभिन्न राजनीतिक तथा सामाजिक प्रतिनिधिबीच यस विषयमा फरक-फरक दृष्टिकोण खुला रूपमा प्रस्तुत भइरहेका छन्।

नेपालमा संघीय शासन प्रणालीलाई औपचारिक स्वरूप दिन २०७२ सालमा संविधान जारी गरिएको हो भने २०७५ देखि पूर्ण रूपमा कार्यान्वयनमा आएको हो। विगतबाट छिटपुट रूपमा संघीयताको कुरा उठ्ने गरे पनि यसलाई स्थापित गर्ने मूल श्रेय २०६३ सालको अन्तरिम संविधानपछि उदाएको मधेश आन्दोलन र अन्य जातीय-क्षेत्रीय आन्दोलनहरू नै हुन्। तत्कालीन राजनीतिक दलहरूले ती आन्दोलनलाई मत्थर पारी मुलुकलाई स्थायित्वको बाटोमा डोहोर्‍याउन बाध्य भएरै 'संघीयता' को मुद्दा स्वीकार गरेका थिए। त्यसैले संघीयता स्वतःस्फूर्त स्वीकृत मुद्दा नभई आन्दोलनको बलले स्थापित गरिएको व्यवस्था हो भन्ने तथ्य अस्वीकार गर्न सकिँदैन। यही पृष्ठभूमिमा संघीयताको मूल आत्मा मानिएको 'प्रदेश संरचना' प्रति छोटो अवधिमै असन्तोष बढ्नुका कारणहरू अध्ययनका लागि ज्वलन्त विषय बनेका छन्। जबर्जस्त रूपमा स्थापित संघीयताको प्रादेशिक संरचनाविरुद्ध किन जनमत बढ्दै गएको छ ? यसै प्रश्नलाई केन्द्रमा राख्दै 'प्रदेश किन उपेक्षित ?' भन्ने बहस अहिले राष्ट्रिय राजनीतिको केन्द्रबिन्दु बनेको छ। नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहबीचको राज्यशक्ति तथा अधिकार बाँडफाँट स्पष्ट पारेको छ।



साझा अधिकार सूचीदेखि एकल अधिकार सूचीसम्म संविधानले किटान गरिसकेको छ। र, कार्यविस्तृतीकरण प्रतिवेदनले यसलाई थप स्पष्ट पारे पनि व्यवहारमा संघीय सरकारले प्रदेश सबलीकरणमा पर्याप्त कदम उठाउन सकेको छैन। संविधानले प्रदेशले संघीय कानुनसँग बाझिने कानुन बनाउन नहुने व्यवस्था गरेको छ तर संघीय संसद्ले आवश्यक कानुन निर्माण वा संशोधनमा इमानदार प्रयास नगर्दा प्रदेशहरू लामो समय कानुनी रिक्ततामा परे। बाध्य भएर प्रदेशहरूले आ-आफ्नै हिसाबले कानुन बनाउन थाले। जस्तै- संघीय निजामती सेवा ऐन अझै जारी भएको छैन तर प्रदेशहरूले आ-आफ्ना निजामती तथा स्थानीय सेवा ऐन बनाइसकेका छन्। परिणामतः प्रदेशहरूले बनाएका कानुनमा असमानता र विरोधाभास देखिएको छ र संवैधानिक इजलासमा दर्जनौं मुद्दा पुगेका छन्। वित्तीय संघीयताको क्षेत्रमा समेत संघीय सरकारको प्रतिबद्धता सन्तोषजनक देखिएन। प्रमुख कर तथा ठूला आयोजना संघकै नियन्त्रणमा रहँदा प्रदेशहरू आर्थिक रूपमा आत्मनिर्भर बन्न नसकी संघीय अनुदानमा निर्भर भए। यसले संघीय सरकारको नियतमाथि प्रश्न उठायो। त्यस्तै, कर्मचारी समायोजनमा देखिएको अव्यवस्था पनि गम्भीर चुनौती बन्यो। बलपूर्वक पठाइएका कर्मचारीहरूले संघीयताको विरोध गर्ने व्यवहार देखाए। संघीयता कार्यान्वयनको मेरुदण्ड मानिएको प्रशासनिक संयन्त्रलाई समयमै स्थायित्व दिन नसक्दा संघीयताको प्रभावकारिता नै कमजोर बन्न पुग्यो। प्रदेश सरकारकै कमजोरीः संघीयता कार्यान्वयनको सुरुवाती चरणमा प्रदेश सरकारहरू अपेक्षाकृत छरितो र प्रतिबद्ध देखिएका थिए। सात सदस्यीय सानो मन्त्रिपरिषद्ले काम थालेका बेला कर्मचारी अभाव र कानुनी रिक्तता ठूलो चुनौती थियो।

समय क्रममा यी समस्या केही हदसम्म समाधान भए तर प्रदेश सरकारले संघकै समानान्तर प्रवृत्ति देखाउन थाल्यो। अनावश्यक मन्त्रालय विस्तार, अस्वाभाविक आकारका मन्त्रिपरिषद्, जम्बो सल्लाहकार समूह र प्रशासनिक संरचना खडा गर्ने अभ्यासले चालु खर्च बढायो तर जनजीविकामा ठोस परिणाम ल्याउन सकेन। प्रदेश सांसदहरू पद र शक्ति हासिल गर्न दल फुटाउने वा अनेक तिकडम गर्ने 'मनांगे प्रवृत्ति' मा संलग्न भए। यसले जनविश्वास अझै घटायो। भ्रष्टाचार र अनियन्त्रित सेवा सुविधाले आलोचनालाई थप उचाइ दियो। केन्द्रमा सरकार परिवर्तन हुँदा त्यसको छाया प्रदेशमा पनि पर्न थाल्यो। संघीय नेतृत्वको इसारामा सरकार गठन वा फेर्ने अभ्यासले प्रदेशको स्वतन्त्रता कमजोर बनायो। परिणामतः संघीयताको आत्मा मानिएको प्रदेश सरकारले आफ्नै विवेकलाई बन्धकी राखेर चल्न थाल्यो र जनतामाझ विश्वासिलो विकल्पका रूपमा स्थापित हुन सकेन। न्यायपालिकाको अप्रभावकारी भूमिकाः प्रदेश सरकारलाई सबल र सक्षम बनाउन न्यायपालिकाले पनि योगदान पुर्‍याउन सक्थ्यो भन्ने अपेक्षा रह्यो।

साभार : कान्तिपुर।



अनुरोधकर्ता
सम्सी गाउँपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"

सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४०५१४८७, ९७०९०५७०६१ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला






अनुरोधकर्ता
लोहारपट्टी नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम-४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday